# लालझाडी राजपत्र

खण्ड ९ संख्या १२ मिति २०८२।१०।१८ गते

गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०८२।१०।१२

## भाग २

## लालझाडी गाउँपालिकाको सूचना

यस लालझाडी गाउँपालिकाको **राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि** २०७४ बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि यो कार्यविधि प्रकाशन गरिएको छ;

संवत् २०८२ को कार्यविधि नं. ९

**प्रस्तावनाः** यस लालझाडी गाउँपालिकामा विभिन्न प्रकारका कृषि जन्य उत्पादनहरु चिस्यान केन्द्रको अभाव हुदाँ पछिल्लो समयमा कुहिने बिग्रने तथा भण्डार गर्न टाढा सम्म पुर्याउनु पर्ने वाध्यताका कारण कृषक हरुलाई निरन्तर रुपमा मार परिरहेको अवस्थामा हाल सुदुरपश्चिम प्रदेश सरकारको लगानी र लालझाडी गाउँपालिकाको समन्वयमा निर्माण सम्पन्न भएको चिस्यान केन्द्र संचालनको लागि यो कार्यविधि स्वीकृत गरि लागु गरिएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

**१. सक्षिप्त नाम र प्रारम्भः**

क. यस कार्यविधिको नाम **"लालझाडी गाउँपालिकाको चिस्यान केन्द्र संचालन कार्यविधि २०८२**" रहेको छ ।

ख. यो कार्यविधि लालझाडी गाउँपालिकाको कार्यपालिका बाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्य विधिमा,

क. **"कृषि जन्य वस्तु"** भन्नाले कृषकहरुले उत्पादन गरेको पशु पन्छी जन्य उत्पादन बाहेक सम्पूर्ण लामो समयसम्म भण्डार गर्न सकिने उत्पादन जस्तै आलु, प्याज, अदुवा, बेसार तथा फलफुल लगाएतका कृषि जन्य उत्पादन बुझ्नु पर्नेछ ।

ख. **"कार्यक्रम"** भन्नाले सुदुरपश्चिम प्रदेश सरकार र लालझाडी गाउँपालिकाको संयुक्त लगानिमा निर्माण भएको चिस्यान केन्द्र संचालन कार्य सम्झनु पर्दछ ।

ग. **"चिस्यान केन्द्र"** भन्नाले कृषि उपजको सुरक्षित भण्डारणको लागि चिस्यान सुविधा भएको एक वा धेरै च्याम्बर भएको संरचना (कोल्ड स्टोर) सम्झनु पर्दछ ।

घ. **"समिति"** भन्नाले यस चिस्यान केन्द्रको संचालनको निम्ती लालझाडी गाउँपालिका द्धारा गठित चिस्यान केन्द्र स्थापना समितिलाई सम्झनु पर्दछ ।

**३. उद्देश्य** : यस कार्य विधिको उदेश्य देहाय बमोजिम हुनेछ ।

क. कृषि उपजहरुको उत्पादन उपरान्तको क्षती न्यूनीकरण गर्ने ।

ख. कृषि उपजको गुणस्तर प्रर्वधन र मुल्य अभिवृद्धि सहित बजारको मागअनुसार आवश्यक परिमाणमा उपलब्ध गराउने ।

ग. कृषि उपजहरुको बजारीकरणलाई सहज गराउने ।

घ. यस क्षेत्रका कृषकहरुलाई आफ्नै क्षेत्रमा भण्डारणको सुविधा प्रदान गरि कृषि उत्पादन तर्फ आकर्षित गराउने ।

## परिच्छेद २

## कार्यक्रम संचालन

४. **कोल्ड स्टोरको क्षमता**: यस चिस्यान केन्द्रको कुल क्षेमता १० मे.टन रहेको छ ।

५. **चिस्यान केन्द्र संचालन** : यस चिस्यान केन्द्र संचालनको लागि लालझाडी गाउँपालिका क्षेत्र भित्रका कृषि सहकारी, कृषक समूह तथा निजि क्षेत्रमध्ये बाट कुनै एक निकायलाई जिम्वेवारी दिइनेछ । चिस्यान केन्द्र संचालन तथा व्यवस्थापन गर्ने जिम्वेवार निकायको छनौट तथा चिस्यान केन्द्र सम्बन्धि अन्य अनुगमन तथा नियमनको लागि देहाय बमोजिमको ५ सदस्यीय चिस्यान केन्द्र व्यवस्थापन समिति गठन गरिने छ ।

आर्थिक विकास समितिको संयोजक -संयोजक

सम्बन्धित वडाको वडा अध्यक्ष वा निजले तोकेको व्यक्ति -सदस्य

कृषि सहकारी संस्थाको प्रतिनिधी -सदस्य

कृषक समुहको प्रतिनिधी -सदस्य

कृषि शाखा प्रमुख -सदस्य सचिव

६. **चिस्यान केन्द्रमा लाग्ने शुल्कः** कृषि जन्य उत्पादनहरु चिस्यान केन्द्रमा राखे बापत कृषकहरुले प्रति सिजन प्रति केजी रु ५ (पाँच) का दरले सेवा शुल्क रकम तिर्नु पर्नेछ ।

७. **नाफा बाडफांड :** चिस्यान केन्द्र संचालन पश्चात प्राप्त कुल आम्दानी बाट लागत कटाई बाँकी रकमको ५०% संचालन गर्ने गर्ने निकाय र ५०% लालझाडी गाउँपालिकाको हुने गरी रकम बाड फांड गर्ने गरि सम्झौता गरिने छ ।

८. **जिम्मेवारी तथा क्षतिपूर्तिको व्यवस्थाः** चिस्यान केन्द्रमा कृषिजन्य वस्तु भंडारण गरे पछि कृषकले फिर्ता नलिए सम्म कृषिजन्य वस्तुको जिम्मेवारी चिस्यान केन्द्र संचालकको हुनेछ । कुनै कारण बस कृषि उपजहरु क्षति हुन गएमा संचालकले प्रचलित कानुन बमोजिम क्षतिपुर्ति दिनु पर्नेछ । चिस्यान केन्द्र संचालकले चिस्यान केन्द्रमा भण्डारण गरिएका कृषि जन्य उपजहरुको बिमा गर्ने व्यवस्था मिलाउन सक्ने छ ।

## परिच्छेद ३

## छनौट प्रक्रिया

९. **सुचना प्रकाशनः** यस चिस्यान केन्द्र संचालनको लागि लालझाडी गाउँपालिका क्षेत्र भित्रका कृषि सहकारी, कृषक समुह तथा निजि क्षेत्रलाई कार्य योजना सहित प्रस्तावना पेश गर्न १५ दिने सूचना पनि प्रकाशन गरिने छ ।

१०. **छनौट** : प्रस्तावना पेश गरेका कृषि सहकारी, कृषक समुह तथा निजि क्षेत्रहरु मध्ये कुनै एक संस्थालाई निजले पेश गरेको प्रस्तावनाको मुल्यांकनको आधारमा चिस्यान केन्द्र संचालक समिति बाट छनौट गरि चिस्यान केन्द्र संचालन तथा व्यवस्थापन गर्ने जिम्मा दिईनेछ ।

११. कार्यक्रम सम्झौता छनौट भएको समुह, सहकारी वा निजी क्षेत्रलाई ७ दिन भित्र बोलाइ सम्झौता गरिने छ ।

१२. **सम्झौता कार्यान्वयनः** सम्झौता पश्चात् चिस्यान केन्द्र संचालन गर्ने निकायले सम्झौतामा उल्लेखित शर्त तथा मापदण्डहरु पुरा गरि चिस्यान केन्द्र संचालन गर्नुपर्नेछ ।

## परिच्छेद ३

## विविध

१३. **प्रचलित कानुन बमोजिम हुनेः** यस कार्यविधिमा व्यवस्था भएका विषयहरु यसै कार्यविधि र उल्लेख नभएका विषयहरु प्रचलित कानुन बमोजिम हुनेछ ।

१४. **बाधा अड्काउ फुकाउः** यस कार्यविधिको व्याख्याना दुविधा उत्पन्न भएमा लालझाडी गाउँपालिकाको कार्यपालिकाले आवश्यक निर्णय लिई बाधा अड्काउ फुकाउ गर्नेछ।

१५. **कारवाहीको व्यवस्थाः** चिस्यान केन्द्र संचालनको जिम्मेवारी पाएको निकायले कुनै किसिमको लापरवाही गरेको पाईएमा प्रचलित कानुन बमोजिम कारवाही हुनेछ ।

१६. **संशोधनः** यस कार्यविधि कार्यान्व्यनामा कुनै बाधा अड्चन आइ परेमा लालझाडी गाउँपालिकाको कार्यपालिका बैठक बाट संशेधन गर्न सकिने छ ।

**आज्ञाले**<br>**राज बहादुर सार्की**<br>**प्रमुख प्रशासकीय अधिकृत**